नारायण नगरपालिका

तथा

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम - दोस्रो चरण

वीचको

# समझदारी पत्र

१. यस समझदारी पत्रलाई प्राविधिक सहयोग प्रदायक संस्था मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरणको कार्यान्वयनका लागि तयार गरेको कार्यान्वयन ढाँचा अन्तर्गत देहायका दस्तावेजहरुको संयोजनका रुपमा अध्ययन गर्नु पर्नेछ ।

- जलवायु मैत्री विकास (Climate Smart Development) कार्यक्रमका लागि सन् २०१७ मे २४ मा सम्पन्न "नेपाल सरकार र संयुक्त अधिराज्य अन्तर्गत वेलायत तथा उत्तरी आयरल्याण्डका तर्फबाट कार्य गर्नेगरी वेलायती अन्तराष्ट्रिय सहयोग नियोग वीच आर्थिक सहयोग र प्राविधिक सहायताका लागि समझदारी पत्र"।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको सान्दर्भिक नीतिगत व्यवस्थाहरु ।
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरणको कार्यक्रम सञ्चालन कार्यविधि (२०७९) ले व्याख्या गरेका भूमिका, जिम्मेवारीहरु र लागू हुने कार्यविधिहरु (विस्तृतका लागि अनुसूची २) ।

२. यस समझदारी पत्र तथा यसको अनुसूचीमा उल्लेखित प्राविधिक सहायता व्यवस्थापन र कोषको प्रयोग सम्बन्धी उद्देश्यका लागि समग्रतामा "यो व्यवस्थापन" भनिएको छ ।

३. जलवायु अनुकुलन तथा उत्थानशील कृयाकलाप तर्जुमा तथा कार्यान्वयन गर्न हस्ताक्षर गर्ने पक्षहरु स्थानीय अनुकूलन कार्ययोजनाको खाका (२०७६) तथा राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) अन्तर्गतका नीतिगत निर्देशन पालना गर्न सहमत छौं ।

४. यस समझदारी पत्रले आर्थिक वर्ष २०७९/८० (वा सन् २०२२/२३) लाई समेट्दछ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरण बजेटमा तथा कोषमा आधारित आर्थिक सहायता हो ।

**काम, कर्तव्य र जिम्मेवारीहरु**

<u>कार्यान्वयन निकायका रुपमा गाउँपालिका/नगरपालिका :</u>

- जलवायु उत्थानशील विकासलाई नियमित बजेट तथा योजना तर्जुमा प्रक्रियाको अभिन्न अंग मानी जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरु तर्जुमा गर्ने ।
- सशर्त अनुदान अन्तर्गत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कोषको उचित व्यवस्थापन गर्ने ।
- प्राविधिक सहायता प्रदायकको सहयोगमा प्रकृयागत आवश्यक कागजातहरु (जस्तै : विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन तथा अनुगमन योजनाहरु, सम्झौता पत्रहरु, आदि) तयार गर्ने ।
- सम्भावित उपभोक्ता समितिहरु र निर्माण व्यवसायीहरुको प्राविधिक तथा वित्तीय लगनशीलता/इमान्दारिता लेखाजोखा गर्ने ।
- गाउँ/नगरपालिकाको आफ्नो बजेटबाट कार्यक्रमका लागि प्रतिवद्धता जाहेर गरेबमोजिमको आवश्यक योगदान रकम समपूरकको रुपमा उपलब्ध गराउने
- उपभोक्ता समितिहरु, परामर्शदाता, करार कर्मचारी, सेवा प्रदायक र निर्माण व्यावसायीहरुसँगको कार्यसम्पादनमा आधारित सम्झौता पत्र तयार गर्ने, लागु गर्ने

- उपभोक्ता समिति मार्फत आयोजना सम्पन्न गर्नु पर्ने परियोजनाहरुको उपभोक्ता समितिले पालना गर्नु पर्ने मूलभूत प्रावधान र शर्तहरु योजना सम्झौतामा प्रष्ट उल्लेख गर्ने र सो पालना भए नभएको अनुगमन गर्ने
- गाउँ/नगरपालिकाको उपभोक्ता समिति सम्बन्धी तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधिहरु अनुरुप उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई "कृयाकलाप पूर्वको अभिमुखिकरण" उपलब्ध गराउने ।
- उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेको परियोजनाहरुको भुक्तानीको लागि उपभोक्ता समितिले पेश गरेको बिल, भरपाई र अन्य आवश्यक कागजातहरुको जाँच परीक्षण गरी भुक्तानी योग्य भए नभएको यकिन गरेर मात्र भुक्तानी दिने
- जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरुको प्रगति अनुगमन गर्ने तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहायता प्रदायक संस्थाले गुणस्तरीयता अनुमोदन गरे पश्चात मात्र भुक्तानी गर्ने ।
- परियोजनाको अभिलेख र लेखाको भौतिकरुपमा तथा अभौतिक (डिजिटल) रुपमा व्यवस्थित गरी राख्ने र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायकलाई सक्कल वा प्रतिलिपी, वा दुवैमा पहुँचको व्यवस्था गराउने ।
- प्राविधिक सहायता प्रदायकको गुणस्तरीयता अनुगमन तथा वित्तीय अनुगमनका क्रममा देखिएका त्रुटी वा कमी कमजोरीलाई उचित महत्वका साथ सच्याउने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार्न तत्पर रहने ।
- त्रुटी, कमजोरी वा अनियमित भई दातृ निकायबाट शोधभर्ना कट्टी हुने अवस्था आएमा सो कट्टी भएको रकमको भार बहन आफैं गर्नुपर्नेमा सचेत रहने ।
- सरकारी व्यवस्था अनुसार कार्यक्रमको मासिक तथा त्रैमासिक प्रगति विवरण (भौतिक तथा वित्तीय) तयार पारी समयसीमा भित्रै उपलब्ध गराउने ।
- यस कार्यक्रम मार्फत स्थानीय तहमा उपलब्ध हुने अनुदान रकम सोधभर्नामा आधारित भएकोले मासिक तथा त्रैमासिक प्रगति विवरण प्रत्येक समयावधीको मसान्त सम्ममा वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

<u>५. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरणको प्राविधिक सहयोग प्रदायक (मोट म्याकडोनाल्ड लिमिटेड)</u> :

- कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनमा सक्रिय भूमिका निभाउने । कार्यक्रमको प्राविधिक गुणस्तरीयताका लागि गाउँ/नगरपालिका र उपभोक्ता समिति/ निर्माण व्यवसायी बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- कार्यक्रम कार्यान्वयका क्रममा उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई कार्यक्रमपूर्वको अभिमुखीकरण तालिमका लागि गाउँ/नगरपालिकालाई अभिप्रेरित गर्ने तथा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने ।
- गाउँ/नगरपालिकालाई जलवायु परिवर्तन उत्थानशील नीति, स्थानीय अनुकुलन प्रयास वा योजना र आयोजनाहरुवारे जानकारी दिने तथा क्षमता अभिवृद्धि गर्ने ।
- गाउँ/नगरपालिकालाई जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील आयोजनाहरुको योजना तर्जुमा, लागत अनुमान र डिजाइन, साथै कार्यप्रगतिमा आधारित भुक्तानीका आधारहरुको मार्गदर्शन गर्ने ।

- गाउँ/नगरपालिका तथा उपभोक्ता समिति वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सेवा प्रदायक बीचको खरिद प्रक्रिया तथा सम्झौताहरुको आवश्यकता अनुसार गुणस्तर निरीक्षण गर्ने । खरिद प्रक्रियाको कारणबाट गुणस्तरीयता ह्रास हुन सक्ने अवस्थाबारे सचेत रही खरिद प्रक्रियाको प्राविधिक पक्षमा गाउँ/नगरपालिकाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
- कार्यक्रमसम्बन्धी सुपरीवेक्षण कार्यहरुको गुणस्तरीयता निरीक्षण गर्ने । हासिल भएको कार्यप्रगतिको गुणस्तर तथा सम्पन्नताका आधारमा भुक्तानीका लागि अनुमोदन गर्ने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय वा मन्त्रालयलाई पठाउनु पर्ने भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयारी सम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
- आवश्यकता अनुसार गाउँ/नगरपालिका एवं वन तथा वातावरण मन्त्रालयलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यान्वयनका क्रममा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।
- प्राविधिक प्रतिवेदन प्रस्तुति तथा ज्ञान व्यवस्थापन गर्न सहयोग गर्ने ।
- वित्तीय प्रतिवेदन एकिकृत गर्न तथा शोधभर्ना प्राप्तिका लागि मन्त्रालयलाई प्राविधिक सहायता उपलब्ध गराउने
- खरिद र वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँ/नगरपालिकाले उपभोक्ता समितिको प्रयोजनका लागि प्रयोग गर्ने फारमहरु र प्रतिवेदन गर्न ढाँचाहरु तयार गर्दा गाउँ/नगरपालिकाले सहयोग खोजेमा आवश्यक सहयोग उपलब्ध गराउने र यस प्रकारका फारम, ढाँचा तथा अन्य कागजातहरु स्वामित्वको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत गाउँ तथा नगरपालिकाहरुमा कार्यान्वयन गर्नका लागि पठाउने तर्फ आवश्यक पहल गर्ने ।
- प्राविधिक सहायता प्रदायकबाट खटाइएका वित्त अनुगमनकर्ताको तर्फबाट वित्तीय निरीक्षणका क्रममा औंल्याइएका कैफियत तथा त्रुटि, कमजोरी, अनियमितता आदिसम्बन्धी विश्लेषण गरी कार्यक्रमको प्राविधिक पक्षमा सुधारका लागि गाउँ/नगरपालिकासमक्ष पहल गर्ने ।
- वित्तीय अनुगमनकर्ताको भुमिका तथा जिम्मेवारी यस प्रकार रहेका छन्
    - गाउँ/नगरपालिकालाई वित्तीय अनुगमन सम्बन्धी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, जसअन्तर्गत कार्यक्रमसम्बन्धी प्रशासनिक तथा वित्तीय विधि, प्रकृया तथा दस्तावेजको आवश्यकताअनुसार क्रमागत रुपमा निरीक्षण गरी गाउँ/नगरपालिका तथा प्राविधिक सहायता प्रदायकलाई पृष्ठपोषण गर्ने ।
    - वित्तीय निरीक्षणका क्रममा देखिएका त्रुटि, कमजोरी, अनियमितता आदिका बारे गाउँ/नगरपालिकासंग छलफल गर्ने र सूधारका लागि सुझावहरु दिने तथा आवश्यक सहजीकरण गर्ने ।
    - निरीक्षणबाट देखिएका कैफियतलाई मन्त्रालय तथा दातृ निकायमा समेत छलफल गरी शोधभर्नामा समायोजन गर्नु पर्ने भए सोबारे सुझाव दिने ।
    - कैफियतहरु सुधार गरी कोष प्रवाह सुचारु राख्न गाउँ/नगरपालिका तथा कार्यक्रमका अन्य प्राविधिक कर्मचारीसंग छलफल गरी समाधानका उपाय पहिल्याउन मदत गर्ने ।

६. कार्यकारी निकायका रुपमा वन तथा वातावरण मन्त्रालय

- कार्यक्रमको समग्र व्यवस्थापन र सुशासनको प्रबन्ध मिलाउने,
- गाउँ/नगरपालिका तथा साझेदारहरु संग समन्वय र सहकार्य गर्ने,
- क्षमता विकासका क्रियाकलापहरुमा सल्लाह दिने तथा सहभागी हुने,
- उच्च स्तरीय अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु गर्ने,
- कार्यक्रमको योजना तथा बजेट तर्जुमाका लागि मार्गदर्शन प्रदान गर्ने,
- अर्थ मन्त्रालय तथा वेलायती सहयोग नियोगसंग वित्त व्यवस्थापन सम्बन्धी आवश्यक समन्वय गर्ने,
- प्राविधिक सहायता प्रदायकको सहयोगमा गाउँ/नगरपालिकाबाट भएगरेका खर्चसमेतको एकिकृत प्रतिवेदनलाई वेलायती सहयोग नियोगलाई सम्प्रेषण गर्ने, शोधभर्ना प्राप्त गर्ने तथा अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यालयलाई निकाशा फुकुवाका लागि अनुरोध गर्ने ।
- असूल गर्नु पर्ने बेरुजू वा असम्बन्धित खर्च भई शोधभर्ना नपाउने अवस्थामा सम्बन्धित कार्यान्वयन निकाय (प्रदेश मन्त्रालय, नगरपालिका वा गाउँपालिका)बाट सो रकम समायोजन गराउन पहल गर्ने ।
- आवश्यक परेमा अनुदान हिसाब मिलानका लागि अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पत्राचार गर्नुका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार कार्यान्वयन गर्नु पर्ने आवश्यक कारवाही अगाडि बढाउने ।

**हिनामिना तथा भ्रष्टाचार निवारण**

७. बेलायती सहयोग नियोगको पूर्ण वा आंशिक वित्तीय लगानी भएको परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्नमा शंकास्पद वा वास्तविक हिनामिना वा भ्रष्टाचार वा कुनै वित्तीय अनियमितता वा अनुचित कार्य लगायत कुनै हस्तक्षेप वा भौतिक रुपमा धम्कीपूर्ण घटना भएमा गाउँपालिका/नगरपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरण  को प्राविधिक सहयोग प्रदायकले विना कुनै विलम्ब तत्कालै बेलायती सहयोग नियोगलाई जानकारी गराउने छन् ।

८. गाउँपालिका/नगरपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरण  को प्राविधिक सहयोग प्रदायकले रकमको दुरुपयोग हुन सक्ने हिनामिना तथा जालसाजीपूर्ण व्यवहारप्रति शून्य सहनशिलताको पद्धति अवलम्बन गर्ने तथा त्यस्तो रकम असुल गर्ने सिद्धान्तमा सहमत हुनेछन् । सर्वप्रथम गाउँपालिका/नगरपालिकाले हिनामिनाको विश्वस्त आरोपप्रति समयमै छानविनको उपयुक्त कारवाही अगाडी बढाउने छन् ।

**सामान्यतया समझदारीको समाप्ति**

९. यदि यस व्यवस्थामा भएका प्रावधानहरु गाउँपालिका/नगरपालिकाबाट वा साझेदार संस्थाहरुबाट पुरा नगरिएमा वा परियोजनामा विकास सम्बन्धी मान्यतालाई विगार्ने खालका क्रियाकलाप भएमा, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरण  को प्राविधिक सहयोग प्रदायकले गाउँपालिका/नगरपालिकासँग छलफल गर्नेछ र लेखाजोखा गर्नेछ । त्यसपश्चात बेलायती सहयोग नियोगले देहायका मध्ये कुनै कदम चाल्न सक्छ :

- भविष्यमा चाल्न सक्ने कदम वारे संकेत गर्ने, र
- यसै व्यवस्थामा उल्लेखित समझदारी समाप्ति सम्बन्धी प्रावधान अन्तर्गत रकम निकासा रोक्ने ।

१०. परियोजना अवधिभरिमा उठ्न सक्ने कुनै पनि सवाललाई दुवै सहभागी पक्षहरुले सर्वप्रथम समाधानका लागि छलफल गर्नेछन् । तर, यसका व्यवस्थालाई चार हप्ताको लिखित सूचना दिई कुनै

पनि समयमा कुनै पक्षले समाप्त गर्न सक्छन् । समझदारीको समाप्ति भन्दा अगाडी दुवै पक्षको सहमतिमा असल नियतले चयन गरिएका परियोजनाको क्रियाकलाप सम्पन्न गर्न आवश्यक प्रतिवद्धता रकमबाहेक बाँकी रकम नेपाल सरकारको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

**अतिरिक्त प्रावधानहरु**

११. यस समझदारी पत्रलाई गाउँपालिका/नगरपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरण  को प्राविधिक सहयोग प्रदायक वीच हुने लिखित सम्झौताले मात्र परिमार्जन गर्न सक्नेछ ।

१२. यस दस्तावेजलाई अंग्रेजीमा अनुवाद गरिनेछ, तर नेपालीमा लिखित दस्तावेज नै लागू हुनेछ । यस समझदारी पत्रमा रहेका कुनै प्रावधानमा संशोधन भएमा लिखित रुपमा र हस्तारक्षर गरेपछि मात्र लागू हुनेछ ।

गाउँपालिका/नगरपालिकाका तर्फबाट हस्ताक्षरकर्ता :

नाम : लोमन शर्मा

पद : नगर प्रमुख

ठेगाना/सम्पर्क विवरण : नारायण नगरपालिका वडा न १, दैलेख

मिति : २०७९/०५/०९

हस्ताक्षर :

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोस्रो चरण को तर्फबाट हस्ताक्षरकर्ता :
नाम : मान बहादुर विके
पद : उप–टोली प्रमुख, नेजपसका दोस्रो चरण प्राविधिक सहयोग
ठेगाना/सम्पर्क विवरण : नेजपसका दोस्रो चरण, वन परिसर, ववरमहल, काठमाण्डौ
मिति :
हस्ताक्षर :

**अनुसूची १ आ.व. २०७९।८०को कार्यक्रम बजेट तथा गाउँपालिका/नगरपालिकाको योगदान**

बजेट रु हजारमा

| क.स. | प्रस्तावित क्रियाकलाप | NCCSP2 को योगदान | गाउँपालिका/नगरपालिकाको योगदान | कुल बजेट |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ | | | | |
| १ | **जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजनाहरु** | **११०००** | **७००** | **१०८००** |
| १.१ | बेदखोला खानेपानी निर्माण तथा जलवायु उत्थान्सिल योजना ना.न.पा. ६ | ३५०० | ० | ३५०० |
| १.२ | तामेखोला मकै खोरिया सिंचाई आयोजना निर्माण ना. न. पा. १० | ३००० | ० | ३००० |
| १.३ | झम्पधारा निर्माण तथा ल्याण्ड फिल साइट भूक्षय नियन्त्रण ना. न. पा. २ | २५०० | ५०० | ३००० |
| १.४ | जागीधरा लिफ्टिंग खानेपानी मुहान संरक्षण,वृक्षारोपण, घेरबार तथा पानी शुद्धीकरण क्रमागत योजना वडा न ५ | १००० | २०० | १२०० |
| १.५ | टुँडिखेल धारा तथा गहतारी मुहान संरक्षण | १००० | ० | १००० |
| २. | जलवायु परिवर्तन समन्धी सचेतना अभिमुखीकरण (समुदाय, निर्वाचित प्रतिनिधि तथा बिद्यालय), सफलताको कथा निर्माण तथा छपाई, स्थानीय अनुकुलन कार्ययोजना छपाई, तथा अन्य सचेतनामुखी कार्यक्रम | ० | **१०००** | **१०००** |
| ३ | जम्मा कार्यक्रम खर्च (१+२) | **११०००** | **१७००** | **१२७००** |
| ४ | सेवा करार कर्मचारी | **६००** | | **६००** |
| ४.१ | सब- इन्जिनियर | ६०० | | ६०० |
| ५ | अनुगमन तथा समीक्षा | ० | **१००** | **१००** |
| ६ | जम्मा खर्च (३+४+५) | **१०६००** | **१८००** | **१३४००** |

**नोटः**

- *सेवा करार कर्मचारीका हकमा कृषि प्राविधिक, सामाजिक परिचालक र सवइन्जिनियर मध्ये (आवश्यक परेमा मात्र) बढीमा दुईजना सम्म भर्ना गर्न पाइनेछ र सो शिर्षकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत) को ५% भन्दा बढी खर्च गर्न पाइने छैन । यदि थोरै कार्यक्रम बजेट भएकाले अपुग भएमा र सिमित सहयोग हुने स्थानीय तहहरुको हकमा प्राविधिक सहायता प्रदायकसंगको सहमतिमा दुईजना कर्मचारीको तलबभत्ता भन्दा नबढ्ने गरी रकम थप्न सकिनेछ । उक्त कर्मचारीहरुको पारिश्रमिक प्राविधिक सहायता प्रदायकको कार्यसम्पादन गुणस्तरताको अनुमोदन पश्चात मात्र हुने व्यवस्था मिलाउनु पर्नेछ ।*
- *अनुगमन तथा समीक्षा खर्चका हकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत)को १.५ % भन्दा बढी खर्च गर्न पाइने छैन र उक्त खर्च गाउँपालिका/नगरपालिकाको योगदान अन्तर्गत बजेट तर्जुमा गर्नुपर्नेछ । यसभित्र सेवा करार कर्मचारीको भ्रमण खर्च, कार्यक्रमसम्बन्धी बैठक खर्च आदि व्यवस्था भएको हुनुपर्नेछ ।*
- *कार्यक्रमको कार्यालय रहने स्थानीय तहहरुको हकमा कार्यालयको भाडाको भुक्तानीका लागि बजेट व्यवस्था गरिएकाले सोही स्थानीय तहमार्फत हुनेछ । जम्मा ३५ स्थानीय तहमध्ये ८ वटाजति स्थानीय तहले मात्र सोको व्यवस्था गर्नु पर्नेछ, जसको जानकारी मन्त्रालयले गर्नेछ । यदि हाल कार्यक्रमको कार्यालय रहेको भवनलाई नै सुचारु गर्न सम्भव भएमा सो भवनलाई नै प्राथमिकता दिनु पर्नेछ ।*
- *प्राविधिक उपकरण भन्नाले कार्यक्रमको सेवा करार कर्मचारीलाई आवश्यक पर्ने ल्यापटप तथा नाप जाँच सम्बन्धी उपकरण बुझ्नुपर्दछ । यस्ता सम्पत्ति कार्यक्रम सम्पन्न भएपछि पनि स्थानीय तहमा रहने व्यवस्थाका लागि सोको बजेट यथासक्य स्थानीय तहको योगदानबाट व्यवस्थापन गर्नु पर्नेछ । स्थानीय तहको योगदानबाट खरिद नभएका सम्पत्तिको हस्तान्तरण नभएसम्म एनसिसिएसपिद्वारा थप रेखदेख तथा सूरक्षण गर्नु पर्नेछ ।*
- *कर्मचारी, अनुगमन आदि खर्चका लागि बजेट व्यवस्था भएकाले कार्यक्रम बजेट बाट कन्टिन्जेन्सी रकम कटाउन पाइने छैन ।*

सहमतिकर्ताहरु :

| | | |
|---|---|---|
| नगरपालिकाको प्रतिनिधिको | | नेजपसका दोस्रो चरण प्राविधिक सहयोग प्रदायकको प्रतिनिधिको |
| हस्ताक्षर | | हस्ताक्षर |
| नाम : भक्त बहादुर मल्ल | | नाम : दिनेश घिमिरे |
| पद : प्रमुख प्रशासकीय अधिकृत | मितिः २०७९।०५।०९ | पद : जलवायु संयोजक |